# बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०८१/०८२
च.नं. ४७५

मिति: २०८१/०७/२६

विषय : सूचना प्रकाशित गरिदिने बारे ।

श्री अल्फा कम्यूनिकेशन कर्नर एण्ड विज्ञापन एजेन्सी

कोहलपुर बाँके वीरेन्द्रनगर,सुर्खेत ।

उपरोक्त सम्बन्धमा यसै पत्र साथ संलग्न सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना मिति २०८१/०७/२७ गतेको युग आह्वान राष्ट्रिय दैनिक पत्रिकामा सम्झौता अनुसार प्रकाशित गरि दिन हुन अनुरोध छ ।

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी , कञ्चनपुर
**सिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना**
**प्रथम पटक प्रकाशित मिति [illegible]**

यस कार्यालयबाट तपसिलमा उल्लेखित खरिद कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको सम्बन्धित फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१) सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र प्रति सिलबन्दी दरभाउ पत्र रु.१,०००।-(एक हजार) फिर्ता नहुने गरी तिरी नागरिकताको प्रमाण पत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा करचुक्ताको म्याद थपको प्रमाण आ. व. २०८१।८२ का लागि नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र कागजातहरु निवेदन साथ संलग्न राखी यस कार्यालयको खरिद ईकाईबाट खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउ पत्र दस्तुर नगदै वा यस कार्यालयको एनएमबी बैंक बेलडाँडी शाखा स्थित खाता न. ११८००६७४००५०००१५ मा जम्मा भएको सक्कलै भौचर पेश गरी सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी दरभाउ पत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफैले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

३) IS/NS Certified कम्पनीहरुबाट उत्पादित स्यानिटरी प्याडहरु मात्र खरिद हुनेछ ।

४) सिलबन्दी दरभाउ पत्रदाताले सिलबन्दी दरभाउपत्र फारममा स्यानिटरी प्याडको उत्पादन गर्ने/भएको IS/NS Certified कम्पनीको नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ । यसरी कम्पनी उल्लेख नभएको वा आंशिक वा अधिकांश उल्लेख भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५) खरिद भएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं.,BRM/2081/82/Goods/SQ-08 कामको विवरण, सिलबन्दी दरभाउ पत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहाछाप गरेर पेश गर्नु पर्ने छ । दर्ता भएका दरभाउपत्र यस कार्यालयमा सोही दिनको दिउँसो १:०० बजे कार्यालयका प्रतिनिधी र सिलबन्दी दरभाउ पत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउ पत्र खोल्न बाधा हुने छैन ।

६) सिलबन्दी दरभाउ पत्र साथ धरौटी वापत देहायमा उल्लेख भए अनुसारको रकम श्री एनएमबी बैंक बेलडाँडी शाखा, कञ्चनपुरमा रहेको धरौटी खाता नम्बर ११८००६७४००५०००४१ ग ३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम



वीर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

बराबरको यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने मितिले ७५ दिन मान्य अवधि भएको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारि भएको सिलबन्दी दरभाउ पत्र जमानत (Bid Guarantee) पेश गर्नु पर्नेछ ।

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

तिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

७) दरभाउ पत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको सिलबन्दी दरभाउ पत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारबाही हुने छैन ।

८) एक व्यक्ति वा फर्मको नाममा खरिद भएका सिलबन्दी दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९) दरभाउ पत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षर उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

१०) दरभाउ पत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

११) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने, वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२)आपूर्ति हुने स्यानिटरी प्याडको प्रत्येक प्याकिङमा प्याकिङको वाहिर उत्पादन मिति ,expiry date,ब्याच नं र निशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ । स्यानिटरी प्याडको expiry date यस कार्यालयमा दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी रहेको हुनुपर्नेछ । तर कुनै स्यानिटरी प्याडको expiry date १८ महिना भन्दा कम हुने भएमा expiry date को ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ ।

**१३)आपूर्ति गरिने स्यानिटरी प्याडको गुणस्तर स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूचि १ अनुसार हुनुपर्नेछ । दरभाउ पत्र साथै LAB Report समेत पेश गर्नुपर्नेछ ।**

१४)स्यानिटरी प्याडको नमुना वेग्लै खामबन्दी गरेर दरभाउपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

१५) दरभाउ पत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१६) कुनै कारणवाट ठेक्का रद्द भएमा सिलबन्दी दरभाउ पत्रदाताले कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

१७) दरभाउ पत्र सम्बन्धी यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ ( संशोधन सहित ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधन सहित ) बमोजिम हुनेछन । सिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य व्यवस्थाहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

१८) यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । कामको विवरण निम्न अनुसारको छ ।



प्रमुख प्रशासकीय अधिकृत
विर बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

कार्य विवरण :

| सि नं. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान रकम (मु.अ.कर सहित) | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | BRM/2081/82/Goods/SQ-08 | Procurement and supplying of sanitary pad as per specification,sanitary pad (Bitaran tatha byabasthapan karyabidhi,2076) | ९२४६०५।५५ | १०००।०० | २३,७००।०० |

प्रमुख प्रशासकीय अधिकृत

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत